कृषि विकास मन्त्रालयको

# बुलेटिन

बर्ष १ अंक ४ २०७२ चैत्र- २०७३ आषाढ कृषि मूलश्चः जीवनम् तृतीय चौमासिक

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनको क्रममा

स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलाप



मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आगामी आ.व. २०७३/७४ बाट सञ्चालन हुने क्रममा रहेको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन गरिने यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजना र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख कृषि, दिगो आर्थिक अवसरहरु श्रृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने रहेको छ। परियोजनाका उद्देश्यहरुमा (१) प्रमुख कृषि उपजहरुको विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने, (२) निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक

बाँकी...................... पृष्ठ ७ मा

## नेपालको संघीय संरचना कृषि

नेपालको संविधान बमोजिम संघीय संरचनामा जाँदा कृषि क्षेत्रको संरचना कस्तो रहनेबारे अध्ययन गर्न कृषि सचिव उत्तम कुमार भट्टराईको नेतृत्वमा मन्त्रालयमा गठित प्राविधिक समितिका सदस्य तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रतिनिधि सहितको टोलीले केन्यामा विद्यमान कृषि व्यवस्थाबारे अध्ययन गऱ्यो। केन्यामा सन् २०१० मा जारी भएको संविधान बमोजिम एकात्मक राज्य प्रणालीबाट दुई तहको विकेन्द्रित शासन प्रणालीमा जाने भनिए तापनि सन् २०१३ मा भएको चुनावपछि मात्र विकेन्द्रीकरणको अभ्यास गर्न लागेको देखिन्छ। जस अनुसार अधिकतम २४ वटा केन्द्रीय मन्त्रालय रहने र काउन्टीमा १० वटासम्म मन्त्रालय रहने प्रावधान भए बमोजिम सो प्रकारको संरचना भर्खरै शुरु भएको रहेछ। त्यसकारण पहिला रहेको कृषि मन्त्रालय, पशुपन्छी मन्त्रालय र मत्स्य मन्त्रालयलाई गाभेर केन्द्रमा कृषि पशुपन्छी तथा मत्स्य मन्त्रालय रहेको र काउन्टीमा पनि कृषि, पशुपन्छी, मत्स्य र सिंचाई मन्त्रालय रहेको पाइयो जुन कुराको सिकाई हाम्रो लागि महत्वपूर्ण

बाँकी...................... पृष्ठ ८ मा

### * यस भित्र *


- कृषि विकास रणनीति कार्य प्रगति अवस्था ................. २
- किसान वर्गीकरण एवं सुरक्षा स्किम .......................... ३
- माननीय कृषि विकास मन्त्रीबाट कार्यक्रम अनुगमन ......... ३
- नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) कृषि विकास मन्त्रालयले आन्तरिकीकरण गर्दै.................. ४
- नेपाल कृषि प्रसार विकास कार्यक्रम (NASDP) तथा नेपाल कृषि बजार विकास कार्यक्रम (NAMDP) को शुभारम्भ ....... ४
- नेपालमा वायोचारको प्रथम राष्ट्रिय गोष्ठी सम्पन्न.............. ५
- राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार ................................. ७

## सम्पादकीय

### कृषि क्षेत्रमा आशातित संकेत र परिदृश्यहरु

देशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न तुलनात्मक लाभका संभावनाहरु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रुपमा रहेको कृषि विकास रणनीति कार्यान्वयन हुनु, देशका युवा जनशक्ति क्रमिक रुपमा व्यवसायिक कृषिमा आकर्षित हुँदै जानु, विश्व व्यापारको पहुँचका साथै ठूला संस्थागत र अन्य निजी क्षेत्र समेतको यस क्षेत्रमा आर्कषण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । पछिल्ला वर्षहरुमा सुलभ कृषि ऋण, कृषि बीमाको व्यवस्था नयाँ प्रविधिको उपयोग र सिंचाई सुविधामा हुँदै गरेको विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरु श्रृजना हुँदैछन । यसरी कृषि क्षेत्रको आधुनिकीकरणको प्रकृयाको थालनी भए पनि समग्र ग्रामिण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रकृया तिब्र दिगो र वाह्य परिवेश सापेक्ष हुन सकेको छैन । यसको लागि कृषि विकासको प्रयासलाई अझ बढी प्रभावकारी एवं समय सापेक्ष बनाउन कृषि विकास रणनीतिको कार्यान्वयनमा सहयोग पुग्ने गरी भौगोलिक सम्भाव्यता र तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरुमा एकीकृत रुपमा सघन कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना निर्माण भै आ.व. २०७३/०७४ बाट कार्यान्वयनको चरणमा रहेको छ। यसै गरी कृषि पेशालाई मर्यादित, आकर्षित तथा कृषकहरुको आर्थिक अवस्थालाई सबल बनाउन "किसान वर्गीकरण एवं सुरक्षा स्किम" को आवश्यकता महसुश गरी यसै सन्दर्भमा विस्तृत अध्ययनको लागि कृषि विकास मन्त्रालय मार्फत प्रकृया अगाडि बढाइएको छ। यसरी कृषिको समग्र परिवेशलाई नियाल्दा पछिल्लो समयमा नेपालको कृषि क्षेत्रमा आशातित उपलब्धि हाँसिल हुने गरी आधुनिकीकरणका संकेत र परिदृश्यहरु देखिएका छन् । यसको लागि सुरुवातीबाट नै सबै क्षेत्रबाट आवश्यकता अनुसार सामूहिक प्रयास हुनु आजको प्रमुख आवश्यकता रहेको छ ।

## कृषि विकास रणनीति कार्य प्रगति अवस्था

नेपाल सरकारबाट २०७२ श्रावण १० मा स्वीकृत भएको कृषि विकास रणनीतिको प्रतिवेदन कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजालसँगको सहकार्यमा र एशियाली विकास बैंकले समन्वय गरेका १३ वटा विकास साझेदारहरुको सहयोगमा तयार पारिएको हो । यस प्रतिवेदनले कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्र सहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ। "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य संप्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको दूरदृष्टि रहेको छ । सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धा वृद्धि कृषि विकास रणनीतिका चार प्रमुख संभाग (Components) हरु रहेका छन । कृषि विकास रणनीतिमा फ्ल्यागसिप कार्यक्रम, आधार कार्यक्रमहरु र अन्य कार्यक्रमहरू गरी ३ प्रकारका कार्यक्रमहरु रहेका छन । कृषि विकास रणनीतिलाई कार्यान्वयन गर्न आगामी दश वर्षको लागि अनुमानित कुल बजेट रु. ५०१.८ अर्ब प्रक्षेपण गरिएको छ, जसमध्ये कुल बजेटको करिब ८९ प्रतिशत सरकार/विकास साझेदारहरूको तर्फबाट लगानी हुनेछ भने बाँकी करिब ११ प्रतिशत रकम निजी/सामुदायिक क्षेत्रबाट लगानी हुनेछ। यस रणनीतिलाई कृषि विकास मन्त्रालयले आ.व. २०७२।७३ मा प्रारम्भिक र पूर्व तयारीका कार्यहरु सम्पन्न गरी आ.व. २०७३।७४ को वार्षिक बजेट तथा कार्यक्रम मार्फत पूर्ण रुपमा कार्यान्वयनमा लैजादैछ। चालु आ.व. २०७२।७३ मा कृषि विकास रणनीति कार्यान्वयन गर्न कृषि विकास मन्त्रालयबाट देहायका कार्यहरु सञ्चालन भएका छन् ।

- कृषि विकास मन्त्रालयका सचिव उत्तम कुमार भट्टराईबाट पत्रकार सम्मेलन गरी मिति २०७२।५।१७ मा ADS को स्वीकृत दस्तावेजको सार्वजनिकीकरण गरिएको ।
- मिति २०७२।०८।०४ गते कृषि विकास मन्त्रालयका सचिवको अध्यक्षता एवं माननीय कृषि विकास मन्त्रीको प्रमुख आतिथ्यमा कृषि विकास रणनीतिको औपचारिक शुभारम्भ भयो ।
- माननीय कृषि विकास मन्त्रीको अध्यक्षतामा राष्ट्रिय ADS कार्यान्वयन समिति (NADSIC) गठन भएको ।
- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय ADS समन्वय समिति

(NADSCC) र कृषि विकास मन्त्रालयका सह-सचिवको अध्यक्षतामा ६ वटा प्राविधिक उप-समितीहरु गठन भएको ।

- कृषि विकास मन्त्रालयमा ADS कार्यान्वयन सहायता इकाई (ADSISU) स्थापना भएको ।
- कृषि विकास रणनीतिले निर्दिष्ट गरेका कार्यक्रमहरु कार्यान्वयन गर्न खर्चको सुनिश्चितताको लागि ADS कार्यान्वयन सहायता कोष (ATF) को कार्यविधि नियमावली RISMFP को सहयोगमा तर्जुमा भई रायको लागि विभिन्न मन्त्रालयमा पठाइएको ।
- राष्ट्रिय किसान आयोग (Farmer's Commission) गठन तथा कार्य सञ्चालन आदेश, २०७३ को मस्यौदा तयार भई रायको लागि अर्थ मन्त्रालयमा पठाईएको ।
- ADS को नेपालीमा अनुवाद र छपाई कार्य KUBK को सहयोगमा सम्पन्न भएको ।
- ADS को Base Line Data Update कार्य FAO Nepal को सहयोगमा सम्पन्न भएको ।
- ADS Flagship Program Mangager हरु नियुक्त गरी Flagship Program Team तर्जुमा भएको ।
- कृषि विकास रणनीति कार्यान्वयन कार्ययोजना (ADS Action Plan) कृषि विकास मन्त्रालयबाट स्वीकृत गरी कार्यान्वयनका लागि पत्राचार गरिएको ।

## किसान वर्गीकरण एवं सुरक्षा स्किम

कृषि विकास कार्यक्रमलाई सबै कृषकहरु माझ पुऱ्याउन एवं सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी बनाउन नेपाल सरकार कृषि विकास मन्त्रालयले किसान वर्गीकरण एवं सुरक्षा स्किम तयारी गर्नका लागि नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।०१।२४ को निर्णयानुसार कृषि विकास मन्त्रालयका सह-सचिव डा. सुरोज पोखरेलको संयोजकत्वमा ८ सदस्यीय टोली गठन भई किसान वर्गीकरण एवं सुरक्षा स्किम, २०७३ को प्रतिवेदन मन्त्रालयमा पेश गरिसकेको अवस्था छ । किसान वर्गीकरण एवं सुरक्षा स्किम, २०७३ को उद्देश्य तपसिल अनुसार रहेको छ ।

१. कृषि पेशालाई मर्यादित बनाउन, कृषि रणनीति, २०७२ अनुरुप कृषकहरुलाई विभिन्न ४ समूह भूमिहिन विपन्न/कृषि श्रमिक, साना किसान, मध्यम किसान र व्यवसायिक किसानको रुपमा वर्गीकरण गरी परिचय पत्र उपलव्ध गराउने र त्यसको आधारमा सरकारले उपलव्ध गराउने सेवा, अनुदान/सहुलियत उपलव्ध गराउने ।

२. सहभागितात्मक किसान कल्याण कोष वा निवृत्तिभरण कोष स्थापना गरी कृषि कार्यमा ऋण, सापटी, उपदान तथा निवृत्तिभरण प्रदान गराई किसानहरुलाई सामाजिक सुरक्षा उपलव्ध गराउने ।

३. कृषि उपजहरुको उत्पादन र उत्पादकत्व उच्च राखी, फार्म/उत्पादनको तथ्याङ्क अध्यावधिक गर्न तथा कृषि योजना तर्जुमा गर्न सहयोग गर्ने ।

४. कृषक वर्ग बीचको सम्पत्ति वितरणका असमानतामा गरिबीको तह छुट्याएर किसानहरुको उत्पादन सामग्री र राज्यले उपलव्ध गराउने बीमा, अनुदान, सेवा र सुविधामा पहुँच बढाई सामाजिक न्याय प्रदान गर्ने ।

माथि उल्लेखित उद्देश्यका साथ बनेको किसान वर्गीकरण एवं सुरक्षा स्किम सम्बन्धमा अझ विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्न कृषि विकास मन्त्रालयले मिति २०७३।०३।०३ गतेको गोरखापत्रमा आशय पत्र समेत परामर्शदाताहरुबाट माग गरी सो को प्रथम चरणको मूल्याङ्कन गर्ने कार्य गरी सकेको अवस्था छ ।

## माननीय कृषि विकास मन्त्रीबाट कार्यक्रम अनुगमन

माननीय कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेलबाट २०७३ जेष्ठ २४ देखि २७ गते सम्म पश्चिमाञ्चल विकास क्षेत्रका स्याङ्जा, पर्वत र बाग्लुङ्ग जिल्लाहरुको भ्रमण सम्पन्न भएको थियो । सो क्रममा माननीय मन्त्रीबाट भ्रमण सम्पन्न गरिएका जिल्लामा सञ्चालित विभिन्न कृषि कार्यक्रमहरुको अवलोकन भएको थियो । सो क्रममा सम्बन्धित जिल्ला कृषि



विकास कार्यालयहरुबाट जिल्लाको वस्तुस्थिति र कृषिको अवस्थाका वारेमा प्रस्तुतीकरण भएको थियो । यसका साथै माननीय कृषि विकास मन्त्रीबाट पर्वत, बाग्लुङ्ग र म्याग्दी जिल्लाका सरकारी कार्यालयका प्रमुखहरुसँग अन्तरक्रिया गरी जिल्लाको समग्र स्थितिको बारेमा जानकारी लिनु

भएको थियो। उक्त भ्रमणको क्रममा माननीय मन्त्रीबाट बाग्लुङको सिगाना गा.वि.स. मा सञ्चालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा समेत सहभागी भई उक्त कार्यक्रममा जनमानसबाट उठेका जिज्ञासाहरुको समाधान समेत गर्नु भएको थियो।

साथै यस चौमासिक अवधिमा २०७३ असार १५ देखि १८ गते सम्म माननीय कृषि विकास मन्त्रीबाट सूदुर पश्चिमाञ्चल विकास क्षेत्रका कैलाली, डडेल्धुरा, बैतडी, डोटी लगायतका जिल्लाहरुको अनुगमन भ्रमण सम्पन्न भएको थियो। भ्रमणका क्रममा माननीय मन्त्रीबाट सरकारी कार्यालयका प्रमुखहरु, कृषक तथा सहकारीका सदस्यहरुसँग अन्तरक्रिया गर्नु भएको थियो। सो क्रममा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु, क्षेत्रीय कृषि निर्देशनालय, कृषिका फार्म/केन्द्रहरुले आ-आफ्नो अन्तर्गत सञ्चालित कार्यक्रमहरुका सम्बन्धमा माननीय मन्त्रीलाई प्रस्तुतिकरण मार्फत जानकारी गराउनु भएको थियो। भ्रमणको क्रममा माननीय मन्त्रीबाट चाँदनी दोधारा पुगी कृषक सहकारीसँग अन्तरक्रिया गर्नुभएको थियो। सो अवधिमा माननीय मन्त्रीबाट रानीजमरा कुलरिया सिंचाई आयोजना, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, जिल्ला कृषि विकास कार्यालयहरु मार्फत अनुदान प्राप्त गरी कृषक समूह, सहकारी तथा



कम्पनीहरुले सम्पन्न गरेका कार्यहरुको समेत निरीक्षण भएको थियो। साथै सो क्रममा माननीय मन्त्रीबाट साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाको सहयोगमा सम्पन्न भएको युनिक सिड कम्पनीको सिड हाउसको समुदघाटन समेत सम्पन्न गरिएको थियो।

## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) कृषि विकास मन्त्रालयले आन्तरिकीकरण गर्दै

तथ्यमा आधारित खाद्य सुरक्षा नीतिहरु तर्जुमा, योजना तथा कार्यान्वयन गर्न नेपाल सरकारको दक्षता अभिवृद्धि गर्दै नेपालको खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउने उद्देश्यका साथ नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली सन् २००९ देखि युरोपियन युनियनको सहयोग, राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको संयुक्त सहकार्यमा सञ्चालन भई सन् २०१६ जुन १३ मा समाप्त भएको छ। हाल नेपाल सरकार, कृषि विकास मन्त्रालयले आन्तरिकीकरण गरी यस प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ। यस प्रणालीले जिल्लास्तरीय सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रबाट २,५०० भन्दा बढि विज्ञहरु रहेको खाद्य सुरक्षा सञ्जालहरु परिचालन गरी गा.वि.स. स्तरको खाद्य सुरक्षा अनुगमन तथा तथ्याङ्क विश्लेषण गर्दछ। नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली अन्तर्गत जिल्लास्तरमा ७४ जिल्ला (काठमाडौं जिल्ला बाहेक) खाद्य सुरक्षा सञ्जाल कार्यरत छन्। सञ्जाल अन्तर्गत प्राविधिक कार्य समूहहरूले यी जिल्ला खाद्य सुरक्षा सञ्जाललाई तथ्याङ्क सम्पादन तथा विश्लेषण कार्यमा सहयोग पुऱ्याई रहेका छन्। जिल्लास्तरमा जिल्ला खाद्य सुरक्षा सञ्जालमा जिल्लास्थित मुख्य सरोकारवालाहरूको प्रतिनिधित्व रहेको छ र यस सञ्जालले खाद्य सुरक्षाको अनुगमन र कार्यक्रम सञ्चालनको सहजीकरणमा अगुवाई लिएको छ।

## नेपाल कृषि प्रसार विकास कार्यक्रम (NASDP) तथा नेपाल कृषि बजार विकास कार्यक्रम (NAMDP) को शुभारम्भ

नेपालमा समग्र कृषि क्षेत्रको विकास र वृद्धिको लागि नेपाल सरकारले हालसालै २० वर्षे कृषि रणनीति तयार गरी कार्यान्वयनको चरणमा रहेको छ। यस रणनीतिले आगमी २० वर्षका लागि समग्र कृषि क्षेत्रलाई दिशा निर्देशन गरेको छ। यसै सन्दर्भमा कृषि विकास रणनीतिले तय गरेका उपलब्धिहरु हासिल गर्न सहयोग गर्ने उद्देश्यले नेपालमा स्विस सरकार विकास सहयोगले नेपाल सरकारको समन्वयमा नेपाल कृषि क्षेत्र वृद्धि योजना (Nepal Agriculture Growth Initiative) तयार गरको छ। यस योजना अन्तरगत साना सिंचाई कार्यक्रम तथा घर बगैंचा कार्यक्रम सञ्चालन भैरहेका र NASDP (Nepal Agricultural Services Development Programme) तथा NAMDP (Nepal Agricultural Market Development Programme) कार्यक्रमहरु कृषि विकास मन्त्रालयको नेतृत्वमा औपचारिक रुपमा जेष्ठ, २०७३ (मे २०१६) बाट सुरुवात भएका छन्। माथि उल्लेखित कार्यक्रमहरु एक आपसमा समन्वय, संयुक्त रुपमा कार्यान्वयन तथा एक कार्यक्रमले

अर्को कार्यक्रमलाई थप प्रभावकारी बनाउन मद्दत गर्ने हिसाबले सञ्चालन गरिने छन् ।

### १) एन.ए.एस.डि.पी. (NASDP)

नेपाल सरकार तथा स्विस सरकारको संयुक्त कार्यक्रमका रुपमा सञ्चालन हुने यस कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी हेल्भेटास स्विस इण्टरकोअपरेशन नेपालले पाएको छ । यस कार्यक्रमले खास गरेर कृषि विकास रणनीतिमा उल्लेख गरिएको प्राथामिकता प्राप्त विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रमले तय गरेका उपलब्धिहरु हासिल गर्न योगदान पुऱ्याउँछ भने कृषि प्रविधिमा श्रृजनात्मक एवं व्यवसायिकता विकासमा समेत सहयोग पुऱ्याउने छ । यस कार्यक्रमले विषेशतः कृषि अनुसन्धान तथा कृषि प्रसारलाई राज्यको तल्लो निकायसम्म विकेन्द्रित गर्दै, सहभागितात्मक एवं संस्थागत गर्न र यस्तो अनुसन्धान तथा प्रसार सेवाले कृषक समुदाय खास गरी विपन्न तथा महिला कृषकका माग तथा आवश्यकतालाई सम्बोधन गर्न सक्षम बनाउन सहयोग गर्ने छ । यस कार्यक्रमले २ वटा मुख्य उपलब्धिहरु तय गरेको छ :

- कृषकहरुले आवश्यक ज्ञान, सूचना तथा प्रविधिको उपयोग गरी दिगो उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्नेछन्,
- विकेन्द्रित र बहुपक्षीय अनुसन्धान तथा कृषि प्रसार प्रणालीको माध्यमद्वारा कृषकहरुको आवश्यकता र माग अनुसार कृषि सेवा र प्रविधिहरु उपलब्ध हुने छ ।

### २) एन.ए.एम.डि.पी. (NAMDP)

नेपाल सरकार तथा स्विस सरकारको संयुक्त कार्यक्रमका रुपमा सञ्चालन हुने यस कार्यक्रमको कार्यान्वयन स्विस कन्ट्याक्ट्र र वातावरण तथा कृषि नीति अनुसन्धान एवं विकास केन्द्र (सिप्रेड) को साझेदारीमा गरिनेछ । नेपाल कृषि बजार विकास कार्यक्रमको उद्देश्य समावेशी बजारलाई मौलाउने वातावरण श्रृजना गर्न मद्दत गर्ने हो, जसले दीर्घकालीन रूपमा कृषि वस्तुको आयात प्रतिस्थापन गर्न र निर्यातलाई बढाउन सहयोग गर्छ र मुलुकको गरिबी निवारणमा टेवा पुऱ्याउँछ । यस कार्यक्रमले कृषि विकास रणनीतिमा तय गरिएको मूल्य श्रृखला विकास कार्यक्रम र कृषि प्रविधिमा श्रृजनात्मक एवं व्यवसायिकता विकासमा योगदान पुऱ्याउने छ । यस कार्यक्रमले बजार प्रणाली विकास (Market System Development) एवं गरिबका लागि बजार विकास कार्यक्रम पद्धति (Making Market Works for the Poor-M4P) अवलम्बन गर्नेछ जुन पद्धति नेपालका लागि नविनतम हो । त्यसैले यो पद्धति नेपालमा बजार विकास गर्न सम्भव छ भनेर प्रयोग गरिनेछ र यसका सिकाईहरूलाई अवधारणाको रूपमा प्रचार गरिनेछ । यस कार्यक्रमका निम्न मुख्य उपलब्धिहरू रहेका छन् :

- विशेष गरी अवसर तथा सुविधाबाट वञ्चित विकासको मूलधारमा नसमेटिएका ग्रामीण साना किसानहरू एवं अन्य व्यवसायिक कृषिसँग सम्बन्धित सरोकारवालाहरूको सहभागितामा वृद्धि भएको हुनेछ ।
- महत्वपूर्ण सरोकारवालाहरूको मूल्य अभिवृद्धि एवं प्रशोधनमा लगानी वृद्धि भएको हुनेछ ।
- मुख्य सरोकारवालाहरूको बजार प्रणाली विकास एवं गरिबका लागि बजार विकास कार्यक्रमबारे हासिल गरेको नयाँ अवधारणाको कार्यन्वयन क्षमता अभिवृद्धि भएको हुनेछ ।

स्वीस सरकारको आर्थिक सहयोगमा १२ वर्ष समय परिधिभित्र तय गरिएका यी कार्यक्रमका पहिलो चरण क्रमशः एन.ए.एस.डि.पी. (NASDP) कार्यक्रम जनवरी २०१६ देखि डिसेम्बर २०१९ र एन.ए.एम.डि.पी. (NAMDP) मार्च २०१६ देखि डिसेम्बर २०१९ सम्म हुनेछ । जसमा कार्यक्रम तयारी तथा व्यवस्थापन अवधि समेत रहने छ । एन.ए.एस.डि.पी. ओखलढुंगा, खोटाङ्ग, उदयपुर, सिन्धुली, रामेछाप, जाजरकोट, दैलेख, कालिकोट र अछाम गरी ९ वटा जिल्लामा सञ्चालन हुनेछ भने एन.ए.एम.डि.पी. रामेछाप, ओखलढुङ्गा, खोटाङ, जाजरकोट, दैलेख, कालिकोट र अछाममा लागू गरिनेछ र त्यसपछिका चरणहरूमा बजार सम्भावना हेरी क्षेत्र विस्तार गरिनेछ । यी कार्यक्रमले ३०,००० भन्दा बढी कृषक घरधुरीलाई प्रत्यक्ष रूपमा समेट्ने छ भने करिब ३०,००० ग्रामिण साना किसानहरू मध्ये ३० प्रतिशत महिला घरमुली भएका घरधुरी कृषिको व्यवसायीकरणमा समावेश भई बजारसँग जोडिने छन् । जसबाट उनीहरूको आयमा वार्षिक सरदर रु. २०,००० थप आय श्रृजना हुनेछ र करिब २००० नयाँ रोजगारी श्रृजना भएको हुनेछ ।

## नेपालमा वायोचारको प्रथम राष्ट्रिय गोष्ठी सम्पन्न


एशियाली विकास बैंकको आर्थिक एवं लेण्डल मिल्स् लिमिटेड यु. के. को प्राविधिक सहयोगमा नेपालका तीन वटै भौगोलिक क्षेत्रमा लगाइने बालीमा वायोचारको प्रयोग परीक्षणहरु कृषकको खेत र अनुसन्धान केन्द्रहरुमा वि.सं. २०७२ मा गरिएको थियो । घरबाट निस्कने, खेर

जाने र जलाएर फाल्नु पर्ने जैविक फोहरलाई जमिन सामान्य खाडल खनी कृषकहरुले सजिलैसँग वायोचार तयार गर्न सक्छन र त्यसलाई कृषि क्षेत्र, गोठ र नालामा सरसफाई, पानी फिल्टर, दुर्गन्ध हटाउन, पशु दाना र मानव स्वास्थ्यमा सुधार गर्नमा प्रयोग गर्न सकिन्छ ।

वायोचारमा नगन्य मात्रामा विरुवालाई चाहिने खाद्य तत्व भएकाले यो आफैले मलको काम गर्दैन तर बालीको जरा नजिक राख्दा यसले माटोको भौतिक र रासायनिक गुणमा फरक ल्याउने, माटोमा पानी



राखी रहन सक्ने क्षमता वढाउने, फाईदाजनक सुक्ष्म जीवहरुको उपस्थितिमा वृद्धि ल्याउने, खाद्यतत्व उडेर वा चुहिएर जानबाट रोक्ने र बिरुवालाई बिस्तारै प्राप्त गर्न मद्दत गर्ने, रासायनिक वा गोबरमलको क्षमतामा वृद्धि गर्ने, भेडाबाखाको खोर, गाईभैंसीको गोठ वा कुखुराको खोर वा नालाबाट निस्कने दुर्गन्ध हटाउने, पशु दानामा मिसाएर खुवाउँदा दूध, मासु र अण्डाको गुणस्तर र परिमाण बढ्ने पाइएको छ । वायोचारले वायुमण्डलबाट निस्कने कार्वनडाइअक्साइडलाई माटोमा सोसेर लिई त्यसको परिमाण कम गर्न मद्दत पुऱ्याउने भएकाले जलवायु परिवर्तनमा पनि यसको महत्वपूर्ण भूमिका रहेको छ ।




| | | |
|---|---|---|
| 5.91 | pH | 3.08 |
| 5.40 | SOM % | 7.02 |
| 0.52 | total N | 0.44 |
| 6 | C/N | 9.3 |

**वायोचर प्रयोगको प्रभाव**

विगत २ वर्षको अवधिमा यस आयोजनाले कृषकको खेत र सरकारी फार्म केन्द्रमा विभिन्न बालीहरुमा वायोचारको परीक्षणहरु सञ्चालन गरेको थियो । जसमा धानबालीमा वाहेक अन्यमा २० प्रतिशत (गोलभेंडा) देखि ३०० प्रतिशत (फर्सी) सम्म उत्पादन बढेको पाइएको छ । वायोचारको प्रभाव बालीमा राम्रो पाइएकाले सो विषयमा प्राविधिक र कृषकलाई जानकारी दिन कृषि विकास मन्त्रालय अन्तर्गत पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका विभिन्न निकायमा कार्यरत प्राविधिक र कृषकहरुलाई वायोचार बनाउने तरिका र यसको कृषिमा प्रयोग गर्न तालिम सञ्चालन गरिएको थियो । वायोचारको कृषि र कृषि वनमा प्रयोग परीक्षणको जानकारी र छलफल गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् र कृषि विकास मन्त्रालय अन्तर्गतका निकायहरुमा कार्यरत प्राविधिक र कृषकहरुको उपस्थितिमा माघ २९, २०७२ मा राष्ट्रिय स्तरको गोष्ठी गरिएको थियो भने जेष्ठ २४, २०७३ अर्थात जुन ६, २०१६ गते विभिन्न



सरोकारवाला निकायहरुको उपस्थितिमा आयोजनाले गरेका विभिन्न कार्यक्रमहरुको वारेमा जानकारी र भावी कार्यक्रमवारे छलफल गर्न माननीय कृषि विकास मन्त्री हरिवोल प्रसाद गजुरेलको प्रमुख आतिथ्यमा नेपालमा वायोचारको प्रथम राष्ट्रिय गोष्ठीको आयोजना गरिएको थियो ।

कार्यक्रममा माननीय मन्त्रीले जलवायु परिवर्तन, खाद्य सुरक्षा, रासायनिक मलको परनिर्भरताको सामना गर्न कृषि क्षेत्रमा वायोचारको प्रयोगले केही हदसम्म मद्दत पुऱ्याउन सक्ने सम्भावना रहेको विभिन्न अध्ययनहरुले देखाएकोले कृषक माझ यसको प्रयोग गर्न भकारो सुधार कार्यक्रम, क्षेत्रीय कृषि तालिम केन्द्रको तालिम र रेडियो टेलिभिजन र पत्रपत्रिका मार्फत जानकारी गराउन पहल गर्न निर्देशन दिनु भएको थियो ।

## राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारद्वारा पाँच जना कृषकहरु सम्मानित

कृषि विकास मन्त्रालयद्वारा २०७३ असार १५ गते राष्ट्रिय धान दिवसका शुभ अवसरमा नेपाल कृषि अनुसन्धान प्रतिष्ठान, खुमलटारमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार वितरण सम्मान कार्यक्रमको आयोजना गरियो । कृषि पेशामा संलग्न अर्ध व्यवसायिक एवं व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई व्यवसायिक, प्रतिस्पर्धी एवं सम्मानित पेशाका रुपमा स्थापित गर्ने र विशेषत विदेशिने मनस्थिति बनाएका वा बाध्य भएका शिक्षित बेरोजगार युवाहरुलाई यस पेशा तर्फ आर्कषित पार्ने र देशमै कृषि व्यवसाय गर्ने कृषकहरु मध्ये उत्कृष्ट कृषकलाई सम्मान स्वरुप कदर पत्र र नगद पुरस्कार दिन कार्यक्रमको आयोजना गरिएको हो ।

कृषि विकास मन्त्रालयका सचिव उत्तम कुमार भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि माननीय मन्त्री हरिबोल प्रसाद गजुरेलले भैंसीपालन, खाद्यान्न, बीउ उत्पादन, एकीकृत कृषि, केरा खेती र मौरीपालनमा संलग्न कृषिका विभिन्न पाँच विधाहरुमा १ जनालाई सर्वोत्कृष्ट र ४ जनालाई उत्कृष्ट गरी देहायका ५ जनालाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारद्वारा सम्मान गर्नु भयो ।

| क्र.स. | कृषकको नाम र ठेगाना | पुरस्कृत स्थान | विधा | पुरस्कार रकम |
|---|---|---|---|---|
| १ | इमान बहादुर गुरुङ्ग, लाहाचोक-५ कास्की ९८०४१३०८६३ | सर्वोत्कृष्ट | भैंसीपालन (भैंसी ३५०, दूध उत्पादन ८०० लि. दैनिक) | रु.२ लाख |
| २ | रङ्गदान तामाङ, डढुवा-२, रामेछाप ९८४४२०२६०० | उत्कृष्ट | एकीकृत कृषि (पशुपालन, अलैची, चिया, कफि र किवी) | रु.१ लाख |
| ३ | देवी कुमारी ओली दाहाल, शिवसताक्षी-८, झापा ९८४२६२८१७७ | उत्कृष्ट | मौरीपालन (१२० गोला मौरी, २००० के.जी. वार्षिक मह उत्पादन) | रु.१ लाख |
| ४ | शर्मा चौधरी, राजापुर- १२, बर्दिया ९८६८१०६५५५ | उत्कृष्ट | खाद्यान्न बीउ (६ विघामा वीउ उत्पादन) | रु.१ लाख |
| ५ | विनोद कुमार शाह, टिकापुर- १४, कैलाली ९८१५६७४४५३ | उत्कृष्ट | केरा खेती (५० हे.) | रु.१ लाख |

## प्रधानमन्त्री कृषि ............................

क्षमता अभिवृद्धि गर्ने, (३) कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु श्रृजना गर्ने र (४) बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने रहेको छ ।

परियोजना सञ्चालनका लागि भूमिको बैज्ञानिक उपयोग, आधुनिक कृषि प्रविधिहरुको अवलम्बन, कृषिमा यान्त्रिकीकरण, कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण, पूर्वाधारहरुको विकास, कृषि अनुसन्धान शिक्षा, प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण, प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन, गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन लगायतका रणनीतिहरु अवलम्बन गरिने छ । दश वर्षे अवधिको यो परियोजनाको कूल अनुमानित लागतः रु. १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको छ भने आ.व. २०७३/७४ मा रु. ५ अर्ब ७८ करोड ६२ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ ।

परियोजनाका ४ वटा सम्भागहरु रहेका छन् जस अनुसार (१) साना व्यवसायिक कृषि उत्पादन केन्द्र (Pocket) विकास कार्यक्रम (२) व्यवसायिक कृषि उत्पादन केन्द्र (Block) विकास कार्यक्रम (३) व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (Zone) विकास कार्यक्रम (४) वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (Superzone) रहनेछन् । यी ४ सम्भागहरुमा कृषि सामग्री आपूर्ति व्यवस्थापन, यान्त्रिकरण सहयोग, भौतिक पूर्वाधार विकास सहयोग, अनुसन्धान (शिक्षा) प्रसार सुदृढीकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरुको सेवा करार, कृषिजन्य उद्योगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

परियोजना सञ्चालनको प्रथम वर्षमा प्रत्येक जिल्लामा भौगोलिक सम्भाव्यता तथा स्थानीय आवश्यकताका आधारमा छानिएका कम्तिमा १० हेक्टर क्षेत्रफलका तोकिएका जिल्लामा तोकिएका संख्या गरी कम्तिमा २१०० साना व्यवसायिक कृषि उत्पादन केन्द्र (Pocket) हरु, प्रत्येक जिल्लामा १०० हेक्टरका २ वटा गरी कम्तिमा १५० व्यवसायिक कृषि उत्पादन केन्द्र (Block) हरु स्थापना भएको हुनेछ। त्यसैगरी तोकिएका ३० जिल्लामा ५०० हे. क्षेत्रफलका कम्तिमा ३० कृषि

उत्पादन तथा प्रशोधन केन्द्र (Zone) हरु स्थापना गरिनेछ । प्रत्येक प्रदेशमा एक हजार क्षेत्रफलका कम्तिमा ७ वटा वृहत कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (Superzone) स्थापना भएको हुनेछ । परियोजना अवधिभरमा यस्ता पकेट, ब्लक, जोन र सुपर जोनको संख्यामा सम्भाव्यता र औचित्यताका आधारमा क्रमशः वृद्धि गर्दै कम्तिमा १५ हजार पकेटहरु, १५०० ब्लकहरु, ३०० जोनहरु र २१ सुपर जोनहरु स्थापना भएको हुनेछ । परियोजनाको सञ्चालनबाट प्रथम वर्षमा छानिएका १८ वटा बाली र वस्तुहरु ४२ हजार ३०० हे. मा खेती भई करिब ४ लाख ७७ हजार मे. टन उत्पादन भई आगामी ३ वर्ष भित्र प्रमुख खाद्यान्न बालीहरु धान, गहुँ र मकैमा, आगामी २ वर्ष भित्र, तरकारी बाली र माछामा र ७ वर्ष भित्र प्रमुख फलफूलमा आत्मनिर्भर हुने अपेक्षा गरिएको छ ।

## नेपालको संघीय संरचनामा ................................

रहेको छ । त्यस्तै प्रकारले भ्रमणका क्रममा केन्द्रीय कृषि, पशुपन्छी तथा मत्स्य मन्त्रालयका प्रमुख सचिवसँगको भेटमा संघीयता कार्यान्वयन विषय ज्यादै गम्भीर रहेको र अधिकार तल्लो निकायलाई दिँदा एकमुष्ट नदिई पालैपालो सो निकायको क्षमता वृद्धि भएपछि मात्र दिनु पर्ने सुझाव त्यहाँको अनुभवबाट पाइयो । त्यस्तै प्रकारले भ्रमण टोलीले ४७ मध्यको एक कियाम्वु काउन्टीका माननीय कृषि मन्त्री डा. मोनिका मुकामी वागिन्जो सँगको भेटघाटका क्रममा संघीयता कार्यान्वयनमा कर्मचारी व्यवस्थापन उत्तिकै चुनौतीपूर्ण रहेको तथा दातृ निकायसँगको सहकार्यमा वाधा पुग्ने गरेकाले अधिकार बाँडफाँडमा स्पष्ट उल्लेख गर्नु पर्ने सुझाव प्राप्त भयो । तहाँको काउन्टी तहको मन्त्री ज्यादै प्रोफेसनल रहने र चुनावबाट नभई विज्ञताको आधारमा छानिने भएकाले विषय वस्तुमा ज्यादै जानकार रहने र सो व्यवस्था नेपालमा समेत कार्यान्वयन हुन महत्वपूर्ण रहेको सुझाव समेत पाइयो । केन्याको अध्ययन पश्चात कृषि क्षेत्रको संरचनाको प्रारम्भिक खाकामा थप गरी कृषि विकास मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालय समक्ष पेश गरी सकेको छ ।


**संरक्षक**
उत्तम कुमार भट्टराई
सचिव

**सम्पादक मण्डल**

**संयोजक**
डा. सुरोज पोखरेल
सह-सचिव

**सदस्यहरु**
परशुराम अधिकारी
वरिष्ठ बाली संरक्षण अधिकृत
सुरेश न्यौपाने
उप-सचिव
लाल कुमार श्रेष्ठ
वरिष्ठ कृषि अर्थ विज्ञ
डा. प्रद्युम्नराज पाण्डे
वरिष्ठ कृषि अर्थ विज्ञ
वासुदेव काफ्ले
वरिष्ठ कृषि अर्थ विज्ञ

**सदस्य सचिव**
टीकाराम शर्मा
वरिष्ठ कृषि अर्थ विज्ञ

**सम्पादन सहयोगी**
बाबुराम शर्मा
प्राविधिक सहायक

**प्रकाशक**
नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल


**प्रेषक**

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं ।

**प्रापक**

..............................................................

..............................................................

..............................................................


**फोन:** ४२११८०८, ४२११६६५, ४२११९४०, **फ्याक्स:** +९७७-१-४२११९३५, **इमेल:** bulletin@moad.gov.np, **वेबसाइट:** www.moad.gov.np